आज मिति २०८० कार्तिक १९ गते दिउसो २ बजे भेरीगंगा नगर कार्यपालिकाको ३७ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेम बहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाङ्गी, अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री अनिल चपाँई, सुचना प्रविधि अधिकृत
श्री बीर बहादुर चुनारा, कार्यालय सहयोगी

CamScanner

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | श्रद्धाञ्जली ज्ञापन तथा स्वास्थ्य लाभको कामना सम्वन्धमा । |
| २. | राहत सहयोग तथा अबलोकन सम्वन्धमा । |
| ३. | विविध सम्वन्धमा । |

मिति २०८०।०७।१९ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १ : श्रद्धाञ्जली ज्ञापन तथा स्वास्थ्यलाभको कामना सम्वन्धमा ।**

**निर्णय नं. १ :** मिति २०८०।०७।१७ गते शुक्रवार राती ११:४७ बजे बारेकोट गाउँपालिका जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भई गएको भुकम्पमा परी ज्यान गुमाउने सम्पूर्ण ब्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरियो। साथै उक्त घटनामा घाईते भएका ब्यक्तिहरुलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ : राहत सहयोग तथा अबलोकन सम्वन्धमा ।**

**निर्णय नं. २ :** मिति २०८०।०७।१७ गते शुक्रवार बारेकोट गाउँपालिका जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भई गएको भुकम्पमा घाईते भएका ब्यक्ति तथा विस्थापित परिवारहरुलाई राहत तथा पुनर्स्थापनाका लागि यस भेरीगंगा नगरपालिकाको बचत रकम विविध शीर्षकवाट जाजरकोट जिल्ला विपद् ब्यवस्थापन समिति मार्फत नगद रु २५०००० दुई लाख पचास हजार र रुकुम पश्चिम जिल्ला विपद् ब्यवस्थापन समिति मार्फत नगद रु २००००० दुई लाख तथा रु ५०००० पचास हजार बराबरको जिन्सी सहायता (ओढ्ने कम्बल) गर्ने र सो रकम तथा सामग्री वितरण गर्न र घटना अवलोकन गर्न नगर कार्यपालिकाको टिम र केही कर्मचारीहरु जाजरकोट र रुकुम जाने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ३ क:** भेरी करिडोर सिंचाई तथा नदी ब्यबस्थापन आयोजना गुर्भाकोट सुर्खेत र जलस्रोत तथा उर्जा विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतवाट प्राप्त पत्रअनुसारको ढाँचामा योजना सिफारिस गर्न सबै वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner